यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ९ अंक ३० श्रेणी 'क' २०७३ कार्तिक ९ गते मंगलबार 25- Oct. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

## पोखरालाई १५ करोडको सौर्यवत्ति सहयोग

### विजयपुरदेखि हल्लनचोकसम्म जडान गरिने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ कार्तिक ।**



मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत सरकारले पोखरा उपमहानगरपालिकालाई १ हजार थान सौर्य उर्जाबाट चल्ने बत्ति (सोलार लाइट) प्रदान गरेको छ । करिब १५ करोड रुपैयाँ बराबरका सोलार लाइट प्रदान गर्ने सम्झौतामा सोमबार चीनको स्वशासित क्षेत्र तिब्बतको वैदेशिक मामिला विभागका निर्देशक मा क्विनसिन र पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुंगानाले सम्झौता पत्रमा हस्ताक्षर गरे ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष तथा सौर्य बत्ति परियोजनाका सहजकर्ता विश्वशंकर पालिखेको उपस्थितिमा सम्झौता पत्रमा हस्ताक्षर भएको हो । संघका अध्यक्ष पालिखेका अनुसार सौर्य बत्ति परियोजना अन्तर्गत प्राप्त वत्तिहरु पोखराको प्रवेशद्वार विजयपुरदेखि हल्लनचोक सम्म जडान गरिने छ। आउने अंग्रजी वर्ष २०१७ को जनवरीबाट सुरु हुने जडान कार्य एक वर्षभित्र पूरा गर्ने लक्ष्य रहेको छ। पोखरा उपमहानगरपालिकासँग भगिनी सम्बन्ध रहेको तिब्बतको लिञ्जी सहरको अनुरोधमा तिब्बत सरकारले सौर्य बत्ति परियोजनामा सहयोग गरेको हो । सोलार लाइट परियोजनाको सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा बोल्दै मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतको वैदेशिक मामला विभागका निर्देशक मा क्विनसिनले नेपाल सरकारको एक चीन नीतिप्रतिको प्रतिवद्धताको सह्राना गरे । नेपाल असल मित्र, सहयोगी र साझेदार भएको उल्लेख गर्दै उनले तिब्बतको सामाजिक आर्थिक विकासबाट नेपालले लाभ लिन सक्ने बताए । पोखरालाई प्रदान गरिएको सौर्य उर्जाबाट चल्ने वत्तिहरुले यहाँको आर्थिक विकासमा सहयोग पुग्ने उनको विश्वास थियो । कार्यक्रममा पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुंगानाले नेपाल र चीनबीचको लामो सम्बन्धको चर्चा गर्दै यो सम्बन्ध जनस्तरसम्म विकास गर्ने दिशामा अगाडि बढ्नु पर्नेमा जोड दिए । पोखरालाई सोलार लाइट प्रदान गरेकोमा उनले धन्यवाद पनि ज्ञापन गरे ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले नेपाल र चीनबीच दौत्यसम्बन्ध स्थापना भएको ६०औं वर्षगाँठको अवसरमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत सरकारकोतर्फबाट प्राप्त सहयोग उल्लेखनीय भएको बताए।

पोखरा उद्योग वाणिज्य संघको अवलोकन भ्रमण पश्चात भएको छलफल कार्यक्रममा बोल्दै अध्यक्ष पालिखेले वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरु अदक्ष भएको सन्दर्भमा चीन सरकारबाट व्यवसायिक तालीम केन्द्र निर्माणमा सहयोग हुन सके यो नेपाललाई धेरै फाइदा हुने बताए। यसको लागि जग्गाको व्यवस्था नेपाल सरकारले नै गर्ने उनको भनाई थियो ।

पोखरा उद्योग वाणिज्य संघका वैदेशिक सम्बन्ध विभागका संयोजक तथा कार्यसमिति सदस्य प्रकाशदेव पालिखेले संचालन गरेको कार्यक्रममा संघका पूर्व अध्यक्षहरु, पदाधिकारी, कार्यसमिति सदस्य, पोखरा उपमहानर पालिकाका प्रतिनिधि, बस्तुगत संघका अध्यक्षहरु लगायतको सहभागिता रहेको थियो ।

सात सदस्यीय चिनीया टोलीले पोखरा रहँदा यहाँका पर्यटकीय क्षेत्रहरुको अवलोकन गर्ने कार्यक्रम रहेको छ । सो टोलीलाई पर्यटकीय क्षेत्रको अवलोकन गराउने कार्यको नेतृत्व संघका उपमहासचिव अर्जुन पोखरेलले गर्नु हुनेछ । यता, तिब्बतको वैदशिक मामिला विभागको सो टोलीसँग सोमबार नै पोखराका पर्यटनसँग आवद्ध विभिन्न संघ/संस्थाका प्रमुख र प्रतिनिधिहरुले छलफल गरेका छन् । पोखरा उद्योग वाणिज्य संघको समन्वयमा यहाँको माउण्ट कैलाश रिसोर्टमा भएको कार्यक्रममा बोल्ने वक्ताहरुले पोखरा प्रवर्द्धनको लागि चीन सरकारको तर्फबाट सहयोगको अपेक्षा गरेका थिए ।

पछिल्लो समय नेपाल घुम्न आउने पर्यटकहरुको वृद्धि भएको सन्दर्भमा भाषा कक्षा संचालन लगायतका क्षेत्रमा समेत चीनको सहयोग दुई पक्षीय सम्बन्ध मजबुत बनाउने कडी बन्ने उनीहरुको भनाइ थियो ।

## महाअभियोग प्रस्तावको पक्षमा मतदान गर्न आग्रह

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ कार्तिक ।**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्कीका विरूद्धमा संसदमा पेश भएको महाअभियोग प्रस्तावको पक्षमा मतदान गर्न आग्रह गर्दै पोखरामा हस्ताक्षर संकलन गरिएको छ । शान्तिका लागि नागरिक समाजको सञ्जालको आयोजनामा पोखराको सभागृहचोकमा हस्ताक्षर संकलन कार्य सम्पन्न भएको हो ।

सञ्जालका संयोजक ढाकाराम पौडेलले विधिको शासन भन्दा पनि दलिय भागबण्डामा नियुक्त भएका व्यक्तिहरूले शासन गरेका कारण अधिकारहरू पहुँचवाल वर्गमा मात्र सिमित भएको हुँदा हरेक नागरिकले यसको विरोधमा उत्रिनुपर्ने बताए ।कार्यक्रममा महिला मानव अधिकार रक्षक सञ्जाल कास्कीका अध्यक्ष जानकी शर्माले लोकतन्त्र स्थापित भईसकेपछि पनि दलिय भागबण्डाका कारण खराब आचरण भएका व्यक्तिहरू सत्तामा पुग्दा जनताले सास्ती भोग्नुपरेको बताईन् । शर्माले हरेक नागरिकले आफ्नो अधिकारको बारेमा सचेत हुनुपर्ने आवश्यकता रहेको बताईन् । हस्ताक्षर संकलन कार्यक्रममा मानव अधिकारकर्मी टेकनाथ बराललले लोकतन्त्र र विधिको शासन स्थापना गर्नका लागि सबै नागरिकहरु एकजुट हुनुपर्ने अन्यथा प्राप्त उपलब्धी समेत गुम्ने खतरा बढिरहेको बताए । हस्ताक्षर संकलन कार्यक्रममा मानव अधिकारकर्मी खगराज आचार्य, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष शंकर बराल, संजालका पूर्व संयोजक विष्णु बराल, मानव अधिकार रक्षक संरक्षण एव्म प्रवर्द्धन केन्द्रका अध्यक्ष सरला कुमारी पाण्डे, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यलय पोखराका क्षेत्रीय संयोजक शिव खकुरेल, सयपत्री समाजका गिरधारी सुवेदी लगायत विभिन्न राजनीतिक दलका नेता, नागरिक समाजका प्रतिनिधि, कानुन व्यवसायी, विभिन्न संघ संस्थाका प्रतिनिधि, विद्यार्थी एवम् सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

## नौं सय रुपैयाँमै होमस्टेमा बसाई-खवाई !

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ कार्तिक ।**

एउटा सुन्दर गुरुङ वस्ती भएको मिर्सा गाँउ । कास्की माछापुच्छ्रे गाविसको वडा नम्बर ७ र ८ मा पर्ने मिर्सामा विगत ४ बर्ष देखि घरवास कार्यक्रम (होमस्टे) संचालन हुँदै आएको छ । अन्नपूर्ण २, अन्नपूर्ण ४ हिमाल, सेतीनदी बगेको नागवेली दृश्य, गाँउलेहरुको अतिथि सत्कार, कला संस्कृति अनि अर्गानिक खानपानले मोहित पार्न गरेको मिर्सा होमस्टेमा एक रातको ९ सय रुपैयाँ मात्र रहेको छ । प्रति पर्यटक एक रात बसाइ हुने गरी खाजा र खानासहित वासको ९ सय रुपैयाँ मात्र रहेको छ ।

समुद्री सहतदेखि करीब १४ सय फिट उचाईमा रहेको मिर्सा गाँउमा जान तातोपानी खारापानीबाट करीब ३० मिनेटको पैदलबाट पुगिन्छ। मिर्सामा हाल १७ घरमा होम स्टे रहेको स्थानीय वन सुवा गुरुङले बताईन। हाल एक रातमा ४० जनासम्म राख्न सकिने समितिले जनाएको छ। २०६९ सालदेखि सुरु भएको उक्त होम स्टेमा एक रात वसेको शुल्क भने गत बर्ष एक सय बढाएर ९ सय पुर्‍याइएको मिर्सा होम स्टे व्यबस्थापन समितिका अध्यक्ष बुद्धि कुमारी गुरुङ (नानी) ले बताईन। आफ्नो गाँउमा आउने पाहुनालाई अर्गानिक खानाको स्वादमा वेलुका सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरिने भएको उनले बताईन। गत साउनमा तातोपानी खारापानी क्षेत्रमा गएको पहिरोको कारणले पर्यटकीय गाँउ मिर्सा जाने बाटो अबरुद्ध हुँदा विगत ४ महिना देखि होम स्टेमा असर परेको छ। मिर्सा होमस्टे व्याबस्थापन समितिका पुर्व संयोजक सूर्य बहादुर गुरुङले मिर्सा जाने बाटो पहिरोले गर्दा हाल मर्सिामा पर्यटक खासै नआएको बताए ।

जिल्ला विकास समितिबाट उक्त पहिरो पन्छायर सडकर्म मर्मत गर्ने केहि बजेट विनियोजन भए पनि विगत ४ महिना देखि पहिरोले गर्दा आफूहरुको थप आयश्रोत होम स्टे कार्यक्रम प्रभावित हुन पुगेको गुरुङले जनाए ।

मिर्सा होमस्टे व्याबस्थापन समितिका अध्यक्ष बुद्धि कुमारी गुरुङ (नानी) ले गत बर्षको भूकम्प र नाकावन्दीले असर पारेको होम स्टेलाई यस आर्थिक बर्षको सुरुमै पहिरोले गर्दा पर्यटकहरु मिर्सामा खासै नआएको बताईन। साउन पछि कार्तिकको पहिलो सातामा होम स्टेमा एउटा टिम आउँदा आफुहरु निकै हर्सित भएको नानीले बताईन ।

आईस हक्की संघको १५ सदस्य एक टोली शनिबार एक रात वसाईको लागि गाँउमा पुग्दा गाँउलेहरुले फुलमाला र अविरले उनीहरुलाई स्वागत गरेका थिए । पोखराका उद्योगि व्यवसायी सूर्य बहादुर श्रेष्ठले मिर्सा गाँउ साच्चै राम्रो लागेका कारण आगामी आफूहरुको अन्य कार्यक्रम समेत मिर्सामा आयोजना सोचमा छन । आईस हक्की संघ कास्कीका अध्यक्ष बिद्या मर्सानीले मिर्सा गाँउमा विगत ४ महिनादेखि पर्यटक विहीन भएको अबस्थामा आफूहरुको सानो टिम आउँदा पनि अतिथि सत्कार गरेकोमा खुशी व्यक्त गरे ।

तातोपानी खारापानी क्षेत्रमा ठुलो पहिरो गएका कारणले गर्दा सेतीनदी किनारा हुँदै मिर्सा गाँउ जानु पर्दछ। कुनैपनि समयमा पहिरो वग्ने भएकोले गर्दा स्थानीयलाई समेत हाल त्रास भएको अन्नपूर्ण निमाविका शिक्षिका सदिक्षा गुरुङले बताईन । मिर्सा गाँउका एक कृषक पूर्ण बहादुर गुरुङले मिर्सा जाने बाटोमा पहिरो गएका कारणले गर्दा आफूले गाँउमा उत्पादन गरेको मौसमी तथा वेमौसमी फलफूल तरकारी समेत बजारमा विक्री गर्न कठिन भएको गुनासो गरे ।

अन्तर्राष्ट्रिय आईस हक्की महासंघका परामर्शदाता तथा आईस हक्की संघ फ्रान्सका अध्यक्ष समेत रहेका लुक टारडिफले मिर्सा जाने बाटोमा पहिरो गए पति गाँउको अतिथि सत्कारले गर्दा आफुहरु मिर्सा गाँउसम्म पुगेको बताए । उनले भने-'नेपालको भू-वनोट पहाडै पहाडबाट बनेको हुँदा पर्यटकीय स्थलमा पुग्ने बाटो अबरुद्ध हुँदा समयमै मर्मत संहार हुन सके स्थानीयलाई सहज हुने बताए ।□आफ्नो घर परिवारको जस्तै होम स्टेमा व्यवहार पाएकोमा खुसि व्यक्त गर्दै उनले गाँउमा भएको कला, संस्कृतिलाई निरन्तर संरक्षण गर्न आग्रह गरे ।

नेपाल आईस हक्की संघका अध्यक्ष लोकबहादुर शाहीले नेपालका धेरै पदमार्गहरु विस्थापित हुँदै गएको अबस्थामा पोखरादेखि नजिक रहेको मिर्सा होम स्टेले धेरै पर्यटकहरुलाई आकषर्ण गर्ने दाबी गरे। पहिलो पटक होम स्टेमा बस्दा आफूले सुनेको भन्दा धेरै राम्रो व्यावहार मिर्सामा पाएको बताएका शाहीले नेपाली पन झल्कनी वस्तुहरु नै प्रयोग गर्न स्थानीयलाई सुझाव दिए। संघका उपाध्यक्ष एवं पोखराका पर्यटन व्यवसायी मदन केसीले प्रचार प्रसारको कमिले गर्दा पोखरा नजिक रहेको मिर्सा होमस्टे राम्रोसंग फस्टाउन नसकेको बताए ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले पर्यटकीय सम्भावना भएका क्षेत्रमा कुनै सडक अबरुद्ध हुदा छिट्टो सडक संचालन गर्नुपर्ने बताए । उनले भने-अहिलेको यस्तो महङ्गीको समयमा पनि मिर्सामा नौ सयमा होमस्टे संचालन भएको छ, यसको प्रचार हुन सके आन्तरिक पर्यटन प्रवर्द्धन हुन्छ ।'

## पोखरामा हाइड्रो पावर बहस हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ कार्तिक ।**

हाइड्रो पावरमा सोचेअनुरुप किन लगानी आकर्षित भएन ? सर्वसाधारण नेपालीकै लगानीबाट हाइड्रो पावर बनाउन सकिन्छ कि सकिदैन ? लोडसेडिङको अन्त्य कहिले हुन्छ ? यी र यस्तै प्रश्नहरुको उत्तर दिन जलविद्युत विज्ञ ज्ञानेन्द्रलाल प्रधान पोखरा आउँदैछन् । लेकसाइडको होटल स्नोल्यान्डले उद्यमशीलता प्रवर्द्धनका लागि गर्ने मासिक शृंखला 'क्रस दी बोर्डर'मा प्रधानलाई निम्त्याउँदै छ ।

उद्यमशिलता जगाउने उद्देश्य राखेर होटल स्नोल्यान्डले सुरु गरेको 'उद्यमशील कार्यक्रम' को छैठौं शृंखला कात्तिक १२ गते शुक्रबार हुँदैछ । उद्यमशील बनौं भन्ने मर्मसहित 'क्रस दी बोर्डर' नामको संवादमूलक कार्यक्रम साँझ ४ बजे लेकसाइडको बाराहीचोकस्थित होटल स्नोल्यान्डकै हलमा हुन्छ। होटल सञ्चालक गणेशबहादुर थापाले हाइड्रो पावरमा लगानीको अवसर र चुनौतीबारे जान्न कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने आशा व्यक्त गरे । उनले ऊर्जा बहसले महत्व पाइरहेकाले आगामी शृंखलामा हाइड्रो पावर विज्ञ ज्ञानेन्द्रलाल प्रधानलाई निम्त्याएको बताए । उनले भने,-'जलविद्युतमा लगानी गर्न इच्छुक लगानीकर्ता र युवा उद्यमीका लागि कार्यक्रम फलदायी हुने छ ।' प्रवेश निःशुल्क रहने कार्यक्रममा सहभागिताका लागि होटलले आग्रह गरेको छ ।

हाइड्रो सोलुसन्सका कार्यकारी अध्यक्ष ज्ञानेन्द्रलाल प्रधान नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारी सदस्य हुन् । महासंघ अन्तर्गतको 'ऊर्जा समिति'का अध्यक्ष प्रधान इलेक्ट्रिकल इन्जिनियर हुन् । उनले मौलना आजाद कलेज अफ टेक्नोलोजी (एमएसिटी) भारतबाट जलविद्युतमा विशिष्ट अध्ययन सहित ब्याचलर अफ इन्जिनियरिङ गरेका छन् । पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईको आर्थिक सल्लाहकार समितिका सदस्य रहिसकेका प्रधान 'एचएसएल क्यापिटल', एचएसएल इन्जिनियरिङ', 'एचएसएल कन्स्ट्रक्सन', 'त्रिशक्ति केबल इन्डस्ट्रिज' तथा रिसोर्सेस हिमालय बुटिक रिसोर्टका पनि कार्यकारी अध्यक्ष हुन् ।

उनी सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री, स्वतन्त्र ऊर्जा उत्पादक संघ, नेपाल-रसिया, नेपाल-चाइना र नेपाल-जर्मन चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीमा कार्यकारी सदस्यको भूमिकामा छन् । रोटरी क्लब अफ काष्ठमण्डपका पूर्व सभापति प्रधान जलविद्युत सम्बन्धी थुप्रै कम्पनीसँग आबद्ध छन् । 'एक्सिलेन्स अवार्ड इन इनर्जी २०१०', 'उत्कृष्ट उद्यमी', 'बेस्ट म्यानेजर अफ दी इयर २००६' लगायत अवार्ड प्राप्त गरेका प्रधानले झण्डै दुई दर्जन मुलुकको भ्रमण गरेका छन् ।

## माओवादी केन्द्र पोखरा-१० को नयाँ योजना



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ कार्तिक ।**

नेकपा माओवादी केन्द्र वडा कमिटी वडा नम्बर १० पोखराले आफ्नो वडालाई सफा र प्रकाशयुक्त बनाउने भएको छ । दिपावलीको अवसर पारी पोखरा-१० लाई प्रकाशयुक्त र फोहोरमुक्त गर्नका लागी माओवादी केन्द्र वडा नम्बर १० ले विविध कार्यक्रमहरुको आयोजना गर्न लागेको सोमबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो ।

सो अवसरमा वोल्दै नेकपा माओवादी केन्द्र वडा कमिटी वडा नम्बर १० का अध्यक्ष राम बहादुर थापा मगरले माओवादी केन्द्र वडा नम्बर १० ले आफ्नो वडा भित्र पर्ने पृथ्वी राजमार्गलाई प्रकाश युक्त र फोहोरमुक्त बनाउने उद्देश्यका साथ अगाडी वढेको वताए । जस अनुसार आगामी बुधवार पोखरा रंगशाला देखि अमरसिंह चोक सम्म बृहत सरसफाइको आयोजना गरिएको थापा मगरले बताए । मगरका अनुसार छिट्टै नै आफूहरु विभिन्न टोल संघ संस्था तथा ब्यापारी हरु संग सहकार्य गरेर चाइनापुलदेखि अमरसिंह सम्म १० नम्बर वडा अन्तर्गत पर्ने पृथ्वी राजमार्गमा सौर्यवत्ती जडान गरी प्रकाशयुक्त वडा निर्माण गर्न आफूहरु लागि परेको बताए ।

पहिलो चरणको अभियानमा आफूहरुले बुधबार बृहत सरसफाइ र बिहीबार पोखराको बुद्धचोकमा रहेको कान्तिपुर पार्टी प्यालेसमा शुभकामना आदान-प्रदान कार्यक्रम गर्ने र दोश्रो चरणमा सौर्य बत्ती जडानमा अगाडि वढ्ने कार्यक्रम संयोजक तथा पोखरा क्षेत्रीय अन्तराष्ट्रिय चिडियाखाना निर्माण समितीका अध्यक्ष हिमालय बखेलले जानकारी दिए । सो पत्रकार सम्मेलनमा वडा नम्बर १० का विभिन्न संघ-संस्था, टोलबिकास समिति, संघ संस्थाका प्रतिनिधिहरु को सहभागिता रहेको थियो भने कार्यक्रम वडा कमिटी वडा नम्बर १० का सचिव सूर्य बानियाले संचालन गरेका थिए ।

## कोन सहकारी टोली फिर्ता

**पोखरा ८ कार्तिक ।**

कोन सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य टोली ११ दिनको विदेश भ्रमण सम्पन्न गरी सोमवार पोखरा फर्केको छ । गत असोज २७ गते पोखरावाट हिडेको टोली मलेशिया, सिंगापुर र थाइलेण्ड देश घुमेर फर्केको हो । उपमहानगरपालिका वडा नं १३ स्थित कोन सहकारीका अध्यक्ष शरदकान्त सिग्देलको नेतृत्वमा ३८ जनाको समुह सफलता पुर्वक भ्रमण सम्पन्न गरि फर्केको भ्रमणका संयोजक शान्तकुमार श्रेष्ठले बताए। मलेसियको रमणीय स्थान ट्विन टावर, के एल टावर, रेल ओए स्टेशन, सिंगापुरको नाइट सफारी, सेंटोसा, फि फि आइसलैंड, थाइलेण्डको गोल्डेन बुद्ध र सि वल्ड लगायतका विश्वको ध्यान खिच्न सफल स्थानको अवलोकन गरिएको थियो । सदस्यहरुलाई नयाँ नयाँ स्थान, नयाँ कुराहरुको खोजी, अनुभवको आदान प्रदान भाइचारा र आत्मियताको अभिवृद्धि गर्न भ्रमणले ठूलो सहयोग पुगेको सहकारीका अध्यक्ष शरदकान्त सिग्देलले वताए । समुदायमा छरिएर रहेको पुंजीलाई एकत्रित गरी आफ्ना सदस्यहरुको आर्थिक, सामजिक र सांस्कृतिक पाक्षलाई सवल र सुदृढ वनाई स्वास्थ र समुन्नत समाजको निर्माणमा राष्ट्रलाई योगदान पुर्‍याउने उद्देश्यले सहकारीको स्थापना भएको सिग्देलले भने ।

## महाअभियोग पक्षमा ४ नेता

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ८ कार्तिक ।**

अख्तियार प्रमुख लोकमान सिंह कार्कीविरुद्ध संसदमा दर्ता भएको महाअभियोग प्रस्तावबारे नेपाली कांग्रेस अझै अलमलमा देखिएको छ । केन्द्रीय कार्यसमितिको बैठकमा लगातार छलफल चलिरहेको छ । तर, महाअभियोगको पक्षमा सानो स्वरमात्र सुनिएको छ । अहिलेसम्म चार नेताले मात्र प्रष्टसँग महाअभियोग प्रस्ताव पास गर्नुपर्ने धारणा राखेका छन् । सोमबारको बैठकमा केन्द्रीय सदस्य धनराज गुरुङले महाअभियोग प्रस्तावको समर्थन गरे । यसअघि शुक्रबार प्रदीप पौडेलले समर्थन गरेका थिए । पहिलो दिनको बैठकमा बिहीबार गगन थापा र विश्वप्रकाश शर्माले कांग्रेस महाअभियोगको पक्षमा उभिनुपर्ने मत राखेका थिए । कांग्रेसको हाल ७४ सदस्यीय केन्द्रीय कार्यसमिति छ । रामचन्द्र पौडेल पक्षधरका नेताहरुले आवेगमा आएर निर्णय गर्न नहुने मत राख्दै आएका छन् भने पार्टी सभापति देउवा पक्षधरले यसलाई सत्ता गठवन्धनसँग जोडेर एमालेको षड्यन्त्र भन्दै आएका छन् । सोमबार को बैठकमा पनि अधिकांश नेताहरुले महाअभियोगको पक्षमा मत नराखेको एक नेताले बताए ।

## सम्पादकीय ...

# लोकमान र महाअभियोग

[illegible] दुई [illegible] छ। लोकतन्त्रमा अख्तियार प्रमुख लोकमानको चर्चा अलि वेसी नै चलेको छ विगत केही समयदेखि। विगतदेखिको चर्चासंगै सर्वोच्च अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीचको अशोभनीय द्वन्द्वमा अर्को आयाम महाअभियोग थपिएको छ। व्यवस्थापिका संसदमा अख्तियार प्रमुख लोकमानसिंह कार्की विरुद्ध नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सभासदले विहिवार महाभियोग प्रस्ताव दर्ता एवं प्रस्तुत गरेका छन्। १ महिना लामो समयपछि स्वदेश फिर्ता भएलगतै प्रमुख कार्की नियमअनुसार निलम्बनमा परेका छन्। वास्तवमा अख्तियार प्रमुख कार्की नियुक्ति प्रकरणदेखि अहिलेसम्मको विवादमा संविधान र कानुनसम्मत प्रक्रियाको थालनी सुरु भएको छ। अव राजनैतिक दल र संसदहरु महाभियोग जस्तो गम्भीर विषयमा कसरी अगाडि बढ्ने हुन जिज्ञांसाको विषय भने वनेको छ। राजनैतिक दल र सांसदहरू जिम्मेवारपूर्वक सप्रमाण र विधि प्रक्रिया अनुसार अगाडि बढ्छन् या संख्यारूपी लाठीकै भरमा निर्णय गर्छन त्यो भने हेर्न बाँकी नै छ। विवादको सुरुवात सर्वोच्च अदालतले अख्तियार प्रमुख कार्की उक्त पदमा नियुक्तिको लागि योग्य नभएको भनी परेको मुद्दा खारेज गरेको दुई वर्षपछि फेरि पुनरावलोकन स्विकारेको छ। त्यसै क्रममा अदालतले पठाएको म्याद बुझाउने प्रक्रियामा कार्कीका पक्षद्वारा देखाइएको अवज्ञा उनी विरुद्ध वन्दै गएको जनमतका रुपमा वुझिन सकिने गरी देखियो, जसलाई आम नागरिकले अशोभनीय भनी टिप्पणी गरे। तर यो विवाद र अवज्ञामा सर्वोच्च अदालत र अख्तियारको संस्थागत प्रतिष्ठा आम नजरमा धेरै गिरेको अवस्थामा आईपुगेको छ। अदालतमा २२ हजार मुद्दा लम्बित रहेका र न्यायाधीश नहुँदा जनताले न्याय नपाएको तर्कका आधारमा खासगरी कांग्रेस र एमाले अनि निवर्तमान प्रधानन्यायाधीशको मिलोमतोमा केही राजनीतिक दलहरू र विभिन्न एक्टिभिजमका अग्रणीहरूलाई न्यायाधीश बनाइयो र अनेकौ प्रश्नहरु उठेको अवस्था पनि संगै छ। वास्तवमा सर्वोच्च अदालत निष्पक्ष, मोलाहिजारहित चरित्र भएका न्यायाधीशहरूको संस्था बन्यो भने एक हैन, अनेकौं लोकमानहरूलाई कानुन र संविधानको कठघरामा ल्याउन सकिन्छ र दण्डित गर्न सकिन्छ। सर्वोच्चले म्याद बुझाउँदा कार्कीको पक्षद्वारा प्रतिरोध भएपछि सांसदहरुले यसको विरोधमा संसदमा आवाज उठाए र न्यायलयको गरिमा विपरीत लाग्नेलाई टुलुटुलु हेर्न नमिल्ने वताए। अव लोकमानमाथिको महाभियोगको छिनोफानो संवैधानिक मान्यता र मर्यादा स्थापनामा एउटा महत्वपूर्ण कोसेढुंगा बन्न सक्नुपर्छ। हुन त मुलुकमा राज्यको आधिकारिकता शिथिल भएको छ र आफूलाई कानुनभन्दा माथिको हैसियत खोज्नेहरु वढि नै तल्लीन छन्। संविधानभन्दा माथि कसैको हैसियत बनेमा त्यहाँ दण्डहीनता प्रोत्साहित हुन्छ र संविधानवाद मर्छ। त्यसैले संविधानवादलाई जोगाउनै पर्दछ र सवै पक्ष सजगताका साथ अगाडि बढ्नु पर्दछ।

# पोखरा उपत्यका बृहत सफाइ अभियान

**पोखरा ८ कार्तिक।**

पोखरा उपत्यका बृहत सफाइ अभियानको २१ औं हप्ता भव्यताका साथ सम्पन्न भएको छ। पोखरा २, हरिचोकस्थित विन्ध्यवासिनी चोकसम्म सफाइ अभियानमा झण्डै ७ टन फोहोर मैला संकलन गरिएको सामाजिक अभियन्ता एवं टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष माया सुवेदीले जानकारी दिइन्। वडा प्रहरी कार्यालय, बगरका इन्चार्ज किशोर लम्सालको विशेष उपस्थितिमा भएको कार्यक्रममा मुक्तिनाथ विकास बैंक, अभियान युवा क्लब, अनन्ता सामुयिक सेवा समिति, अभियान क्लब महिला उपसमिति, वडा प्रहरी कार्यालय बगर, दीप युनाइटेड क्लब, क्राउड्स नेपाल लगायत स्थानीय वडाबासीको उपस्थिति रहेको अभियन्ता धनञ्जय पौडेलले जानकारी दिए।

यसअघि उपस्थित सहभागीलाई वडा प्रहरी कार्यालय बगरका प्रहरी निरीक्षक किशोर लम्सालले सफाइ अभियान सम्बन्धी सपथ गराएका थिए। कार्यक्रममा मुक्तिनाथ विकास बैंकले १ हजार जोर डिस्पोजल ग्लोब र मास्क सहयोग स्वरुप उपलब्ध गराएको अभियन्ता अञ्जु क्षेत्रीले बताइन्।

कार्यक्रमलाई पोखरा उपमहानगरपालिकाका वरिष्ठ अधिकृत ओमराज पौडेलले धन्यवाद ज्ञापन गरेका थिए। २२ औं हप्ताको सफाइ कार्यक्रम विन्ध्यवासिनी पार्कबाट सुरु गरिने अभियन्ता चन्द्रबहादुर गुरुङले बताए।


## पोखरामा पहिलो पटक

- यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, नुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्य अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।

[illegible]

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

**पोखरा हर्वल होम्स** फ्रि होम डेलिभरी

(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा

061-539070, 9856035331, 9804122919



## आवश्यकता

पृथ्वीचोक स्थित एक ट्राभल्स एजेन्सीका लागि महिला कर्मचारी आवश्यक परेको हुँदा ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८१६१३६१३७



## जग्गा विक्रीमा

पोखराको विरौटा नजिक होटल साङ्ग्रिलाको पछाडि १८ हाल मोहडा र ४० हात पिछाड भएको जग्गा विक्रीमा छ।

सम्पर्क : ९८४६११४०३६
९८५६०३४८०१


## हार्दिक समवेदना



जन्म: वि.स.:१९९३/०२/३१

स्वर्गारोहण वि.स.:२०७३/०६/२७

**स्व. डिलबहादुर खैजू**

गोपालजी मन्दिर सेवा समितिका सदस्य **डिलबहादुर खैजूको** निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

शरण लिगल
अध्यक्ष एवं
**गोपालजी मन्दिर सेवा समिति परिवार**
पोखरा-४, सिद्धार्थचोक

## हार्दिक समवेदना



जन्म: वि.स.:१९९३/०२/३१

स्वर्गारोहण वि.स.:२०७३/०६/२७

**स्व. डिलबहादुर खैजू**

रामकृष्णटोल टोल विकास संस्थाका उपाध्यक्ष श्री ओम खैजूका पुजनीय पिता **डिलबहादुर खैजूको** निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

अध्यक्ष एवं
**रामकृष्णटोल टोल विकास संस्था परिवार**
पोखरा-४, रामकृष्णटोल

## हार्दिक समवेदना



जन्म: वि.स.:१९९३/०२/३१

स्वर्गारोहण वि.स.:२०७३/०६/२७

**स्व. डिलबहादुर खैजू**

सिद्धार्थटोल टोल विकास संस्थाका सदस्य मुसरी खैजूका श्रीमान एवं गोमा खैजू र बिमला खैजूका ससुरा बुबा **डिलबहादुर खैजूको** निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गोमा कोइराला सुवेदी
अध्यक्ष एवं
**सिद्धार्थटोल टोल विकास संस्था परिवार**
पोखरा-४, सिद्धार्थचोक


**गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न**
Log on : www.goldennews.com.np


आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो। ईन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो।।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.स.:२०४३/०९/२६

स्वर्गारोहण: वि.स.:२०७३/०६/२७

## स्व. संगम के.सी. (विष्णु)

हाम्रा प्राणप्रिय छोरा, भतिज, दाजु एवं भान्जा, गुलरिया नपा-५, तुलसीपुर, बर्दियामा जन्म भइ हाल पोखरा-६, लेकसाइडमा बस्ने **संगम के.सी.**को अल्पायूमै असामयिक, हृदयविदारक एवं अकल्पनीय निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उनको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै दु:खको यस घडिमा हामीप्रति सहानुभुति तथा समवेदनना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, कुलकुटुम्व, छरछिमेक एवं सागर जानुहुने सबैमा **हार्दिक कृतज्ञता** प्रकट गर्दछौं।

**बुबा** : कृष्ण बहादुर के.सी.
**आमा** : अमृता के.सी.
**काका/ काकी** : गणेश/निता टण्डन
**भाइहरू** : शम्भु के.सी., दिनेश टण्डन

**मामाहरू**
दिलबहादुर ओली, लालबहादुर ओली
टेकबहादुर ओली, केवल बहादुर ओली, सागर ओली

**एवं सम्पूर्ण के.सी., टण्डन र ओली परिवार**

# भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८६ जेष्ठ ३१ गते

स्वर्गारोहण :
वि.सं. २०७३ कार्तिक ३ गते

## स्व. टिकाराम बास्तोला

यस सिताज लाइफ स्टाइलका सञ्चालक श्री अनुज बास्तोलाका पुज्यनिय पिता समाजसेवी, प्रजातन्त्रका सेनानी टिकाराम बास्तोलाको ८७ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज सातौँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**सिताज लाइफ स्टाइल**

सिताभवन, महेन्द्रपुल, पोखरा-९

# हार्दिक समवेदना



जन्मः
वि.स.:२०२२/१२/२०

स्वर्गारोहणः
वि.स.:२०७३/०६/२७

## स्व. भवदत्त रेग्मी

धादिङ–पोखरा सम्पर्क समाजका आजीवन सदस्य श्री भगवती खतिवडाज्यूका पुजनीय पिता एवं अध्यक्ष श्री युवराज खतिवडाज्यूका ससुराबुबा **भवदत्त रेग्मी**को अकल्पनीय निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**झम्क सारू मगर** (निवर्तमान अध्यक्ष)
**सुदर्शन बसौला** (वरिष्ठ उपाध्यक्ष)
**शम्भु अधिकारी** (उपाध्यक्ष)
**हरि पन्त** (महासचिव)
**योगप्रसाद सापकोटा** 'नवराज' (सचिव)
**समिर अर्याल** (कोषाध्यक्ष)
**कृष्ण बहादुर बि.क.** (सह–कोषाध्यक्ष)

**सरस्वती श्रेष्ठ "सरू"** (कार्यसमिति सदस्य)
**अर्जुन भट्ट** (कार्यसमिति सदस्य)
**रामकृष्ण आले** (कार्यसमिति सदस्य)
**यादु प्रसाद ढकाल** (कार्यसमिति सदस्य)

**माधव लम्साल** (कार्यसमिति सदस्य)
**टिका लम्साल** (कार्यसमिति सदस्य)
**राजेन्द्रबहादुर बस्नेत** (कार्यसमिति सदस्य)
**बलराम नेपाली** (कार्यसमिति सदस्य)

एवं **धादिङ-पोखरा सम्पर्क समाज परिवार**

